का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २४०
❒ ४ कात्तिक २०७८, बिहीबार
❒ 21 October 2021, Thursday
www.madhyanhadaily.com
पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

# बाढी पहिरोबाट ७७ जनाको मृत्यु

## मृतक परिवारलाई दुई लाख, घाइतेको निःशुल्क उपचार

**मुकन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ कात्तिक ।

लगातार परिरहेको बेमौसमी वर्षापछि आएको बाढी, पहिरो र डुवानमा परी बुधबार साँझसम्म ७७ जनाको मृत्यु भएको छ । गृह मन्त्रालयका अनुसार, बुधबार मात्रै ५० जना भन्दा बढीको मृत्यु भएको छ । २७ जना बेपत्ता र २२ जना घाइते भएका छन् । मन्त्रालयको तथ्याङ्क अनुसार, २७ घरमा पूर्ण क्षति पुगेको छ ।

सवैभन्दा बढी प्रदेश-१ मा नागरिकको मृत्यु भएको छ । प्रदेश-१ मा मात्रै ५६ जनाको मृत्युभएको छ । पाँचथरमा मात्रै २४ जनाको मृत्यु भएको छ । इलाममा १३ जनाको मृत्यु भएको प्रदेश-१ प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ। प्रहरीका अनुसार, पाँचथरको मिक्लाजुङ गाउँपालिकामा पहिरोमामा २१ जनाको मृत्यु भएको छ । धनकुटामा पहिराले घर बगाउँदा ७ जनाको मृत्यु भएको छ। उदयपुरमा २ जनाको मृत्यु भएको छ । मोरङ र भोजपुरमा एक/ एक जनाको मृत्यु भएको छ ।

गृह मन्त्रालयका अनुसार, डोटीमा १२ जनाको मृत्युभएको छ । कालिकोटमा एक, बैतडीमा चार, डडेलधुरामा एक, बझाङमा दुई, हुम्लामा छ, सोलुखुम्बु र प्यूठानमा एक/एक, सुनसरीमा दुई र उदयपुरमा दुई जनाको मृत्यु भएको छ ।

बझाङमा मात्रै २१ जना बेपत्ता भएका छन् । जुम्लामा एक, प्यूठानमा दुई र इलाममा तीन जना बेपत्ता भएको मन्त्रालयले जनाएको छ । ३१ असोज देखि शुरु भएको अविरल वर्षा रोकिएको छैन । यसैबीच बुधबार मन्त्रिपरिषद्को बैठक बसेर वर्षाका कारण आएको बाढी, पहिरो र डुवानमा परेकाहरुको उद्धार, राहत र पुनर्स्थापनालाई प्राथमिकतामा राख्ने निर्णय भएको छ । बैठकले मृतकका परिवारलाई दुई लाख दिने निर्णय गरेको छ । एकै परिवारका दुई जनाको निधन भएमा भने रु तीन लाख दिइनेछ । बाँकी पृष्ठ २ मा

> लगातार परिरहेको बेमौसमी वर्षापछि आएको बाढी, पहिरो र डुवानमा परी देशभर ७७ जनाको मृत्यु भएको गृह मन्त्रालयले जनाएको छ । अविरल वर्षाका कारण जनधनको क्षति नरोकिएपछि बुधबार मन्त्रिपरिषद्को बैठक बसेर उद्धार, राहत र पुनर्स्थापनालाई जोड दिने निर्णय गरेको छ ।



अविरल वर्षासँगै भएको डुवान र बाढीबाट परेकालाई उद्धार गर्दै नेपाल प्रहरीको टोली ।
*-तस्वीर सौजन्य : सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय*

## किन भयो विनाशकारी बेमौसमी वर्षा ?

**विभा शर्मा/मध्यान्ह**
काठमाण्डौ ३ कात्तिक ।

असोज ३१ गतेदेखि शुरु भएको अविरल वर्षाले देशभर ठूलो मात्रामा धनजनको क्षति गरेको छ । वर्षात् अझै पनि रोकिएको छैन । त्यसले गर्दा यो बेमौसमी वर्षाको कहर कति दिनमा सकिएला र त्यसको पीडा नेपालीले कति भोग्नु पर्ने हो भन्न सकिने अवस्था छैन ।

नेपालमा बंगालको खाडी हुँदै यस वर्षको मनसुन गत जेठ २८ गते शुक्रबार (११ जुन) मा शुरू भएर असोज २५ गते सोमबार (११ अक्टोबर) मा बाहिरिएको थियो । बिगत लामो समयसम्म मध्य जेठतिरबाट शुरु भएर भदौ मसान्त वा असोज पहिलो सातासम्म मनसुन सक्रिय रहने गरेको थियो । त्यसमा पनि असार साउनमा नेपालमा अत्यधिक मात्रामा मनसुन सक्रिय रहने गरेकाले ती दुई महिनालाई वर्षातको समय मानिदै आएको छ । तर, पछिल्ला केही वर्ष यता मनसुन भित्रिने र बाहिरिने समय तलमाथि हुदै आएको छ । त्यहीक्रममा यसपटक जल तथा मौसम विज्ञान विभागले असोज १६ गते शनिबार (२ अक्टोबर) देखि मनसुन बाहिरिने प्रक्षेपण गरेको थियो । तर, विभागको अनुमान विपरित असोज २५ गते मात्र मनसुन नेपालबाट बाहिरियो । त्यसको एक साता नवित्तै फेरि भीषण वर्षा शुरु भयो र मनसुनको समयमा भन्दा पनि ठूलो धनमालको नोक्सान गर्‍यो । कतिपय मौसमविद्हरुले अहिलेको वर्षात्लाई जलवायु परिवर्तनका कारण सृजित अतिवृष्टि भएको टिप्पणी गरिरहेका छन् । कतिपयले प्रकृतिको 'स्वभाविक नियम' भएको टिप्पणी गरिरहेका छन् । बाँकी पृष्ठ २ मा

# शुरु भयो पर्यटन पुनःउत्थान कार्यक्रम

**राजेश केसी /मध्यान्ह**
काठमाडौं ३ कात्तिक ।

कोरोना महामारीबाट पर्यटन क्षेत्रमा परेको नकारात्मक असर हटाउन नेपाल पर्यटन बोर्डले जीविकोपार्जन पुनःउत्थान कार्यक्रम सुरु गरेको छ । दुई वर्ष ६ महिना अवधिको यो कार्यक्रमको अवधिमा २४ करोड १९ लाख रुपैयाँ (२० लाख ५० हजार डलर) खर्च गरिने भएको छ। त्यो रकम मध्ये बोर्डले १० लाख डलर वोर्डले बेहोर्ने छ भने बांकी युएनडीपीले १० लाख ५० हजार डलर संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) लगानी गर्नेछ ।

त्यसबारेमा बोर्ड, युएनडिपी अन्तरगतको जीविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजना (एसटीएलआरपी) र नेपाल एशोसियन अफ टुर एण्ड ट्राभल एजेन्टस् (नाट्टा) बीच बुधबार त्रिपक्षिय सम्झौता भएको छ ।

कोरोना महामारीको कारण पर्यटन क्षेत्रबाट रोजगारी गुमाएकालाई श्रमिक तथा मजदुरलाई राहत पुर्‍याउने उद्देश्यले यो कार्यक्रम शुरु गरिएको बोर्डले जानकारी दिएको छ । यो कार्यक्रबाट कोरोनाको कारण रोजगारी गुमाएका पर्यटन क्षेत्रका पाँच हजार श्रमिक तथा मजदुर तथा थप दुई हजार गरि ७ हजारले प्रत्यक्ष लाभ पाउने र त्यसको सकारात्मक असर सिंगो पर्यटन क्षेत्रमा पर्ने सरोकारवालाहरुले दावि गरेका छन् । बोर्डका प्रमुख कार्यकारी प्रमुख अधिकृत डा.धनञ्जय रेग्मीले पर्यटन क्षेत्रबाट रोजगारी गुमाएकालाई अल्पकालीन रोजगारी दिएर जीविकोपार्जनमा सघाउन खोजेको बताए ।

'कोभिडबाट पर्यटन क्षेत्र सबैभन्दा बढी प्रभावित भएको अवस्था छ। यो क्षेत्रसँग सम्बद्ध मजदुरहरूले रोजगारी गुमाएका छन् । यो परियोजनाबाट मजदुरले केही दिनको लागि भएपनि काम पाउँछन,' रेग्मीले भने । रेग्मीले पर्यटकीय स्थान र पर्यटकीय गन्तव्यहरूको मर्मत सम्भार तथा सरसफाईमा मजदुरलाई लगाइने र त्यो काम गरेका मजदुरको बैंक खातामा रकम सिधै जम्मा गरिने जानकारी दिए । नेपाल एशोसियन अफ टुर एण्ड ट्राभल एजेन्टस् (नाट्टा) का अध्यक्ष अच्युत गुरागाइँले कोरोना महामारीबाट प्रभावित भएका पर्यटन क्षेत्रका जनशक्तिलाई केही हदसम्म पनि राहत पुग्ने बताए ।

स्मरणरहोस कोरोना महामारीको पहिलो र दोस्रो लहरका कारण नेपालको पर्यटन क्षेत्रमा भएको नोक्सानीको यकिन तथ्याङ नभए पनि त्यो नोक्सानी खर्बभन्दा बढीको रहेको सरोकारवालाहरुको अनुमान छ। नेपाल भ्रमण वर्ष २०२० सुरु हुन लाग्दै कोराना महामारी शुरु भएपछि अन्य क्षेत्रजस्तै पर्यटन उद्यमसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरू स्थगित भएका थिए । पहिलो लहरको असर नसकिदैं दोस्रो लहर शुरु भएपछि पर्यटन क्षेत्र थला परेको थियो । अहिले लकडाउन र निषेधाज्ञा हटेपछि क्रमिकरुपमा पर्यटन क्षेत्रले गति लिन थालेको छ। यस्तो बेला शुरु भएको जीविकोपार्जन पुनःउत्थान कार्यक्रमले पर्यटन क्षेत्रलाई कोरोना महामारी भन्दा पहिलेकै अवस्थामा पुर्‍याउन सहयोग पुग्ने सरोकारवालाहरुले विश्वास गरेका छन् ।

WANTED

*A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-*

Receptionist - 3 Female
Public Relationa Office - 5 Male
Manager - 2 M/F
Documentation - 5 M/F
Computer Operator - 3 M/F

Salary Negotiable

Note: Experience in related field.

Vision & Value Overseas Pvt. Ltd.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Mob. No.: 9851055165 | Tel: 01- 4379749 | Email: Info@vnvnepal.com

# कुवेतमा अवैध आप्रवासीहरूलाई निकाला गर्ने क्रम जारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ कात्तिक

भिसा नियम उल्लङ्घन गर्ने आप्रबासीहरूको संख्या बढ्दै गएपछि कुवेत सरकारले विदेशी कामदारहरूलाई देश निकाला गर्ने क्रम जारी राखेको छ ।

कुवेत सरकारले चेकजाँचका क्रममा पक्राउ गरेका २ हजार ७ सय ३९ जना आप्रवासीहरूलाई देश निकाला गरेको कुवेतको गृह मन्त्रालयले जानकारी दिएको छ । सेप्टेम्बर १ देखि अक्टोबर १७ सम्म एक महिनाको अवधिमा गरेको चेकजाँचका उनीहरू पक्राउ गरेका हुन् । आफ्नो देशमा रहेका करिब ३१ लाख आप्रबासीहरू मध्ये १ लाख ५० हजार भन्दा बढीले कुवेतको भिसा नियम उल्लङ्घन गरेको कुवेतको गृहमन्त्रालयले बताएको छ ।

कुवेतमा गैरकानुनी कृयाकलापमा संलग्न भई पक्राउ परेकाहरूको वैधानिक अवस्था वारे छानबिन गर्दा भिसा नियम उल्लङ्घन गर्नेहरू बढी देखिएको बताईएको छ । कुवेतले आगामी दिनमा पनि निगरानी र पक्राउ गर्दै देश निकाला गर्न सुरक्षा निकायहरूलाई निर्देशन दिएको स्थानीय सञ्चार माध्यमहरूले उल्लेख गरेका छन् । कुवेतमा



अवैध रूपमा रहेका नेपाली कामदार मदिराको अवैधानिक कारोवारमा संलग्न रहने गरेको भन्दै स्थानीय सञ्चार माध्यमले बेला बेलामा समाचार दिने गरेका छन् ।

## वैदेशिक रोजगार विशेष

### वैदेशिक रोजगार र गाउंघरको खबर

**गलेश्वर/रासस–** धेरै समयपछि, सोमबार बिहान म्याग्दीको बेनी नगरपालिका- २ बगरफाँट गाउँमा एकजना गन्धर्व दाइ भेटिए । सारङ्गीको र्‍याइँर्‍याइँसँगै मीठो स्वरमा विदेशिएका युवालाई स्वदेश फर्कन र गाउँमा रहेका युवालाई विदेश नजान आग्रहसहित गाउँमा रहेका अवसरको बेलीविस्तार लगाउँदै गीत गाउँदा छोराछोरी र बुहारी विदेशिएका घरका बुबाआमाको आँखा रसाए । 'घरको सङ्घार नाघेर जान्छौ, गाउँको सह सँगसँगै लैजान्छौ', यसरी गीत सुरु गरेका गुल्मी रुरुका मानबहादुर गन्धर्वले 'नजाउ युवा विदेश र सहर, गर्नसके गाउँमै छ अवसर', गाउँदै गीत टुङ्ग्याए । गीतमा सुनिएका मानबहादुर गन्धर्वका शब्दमा नेपाली ग्रामीण परिवेशको यथार्थ बयान भेटिन्छ । फाँटैभरि लहलहै झुलेका धान । गोठैभरि गाईबस्तु । खोरमा बाख्रा र कुखुरा । करेसाबारीमा तरकारी । बारीमा कोदो । चारैतिर हरियाली । वरिपरी साह्रोगाह्रो पर्दा सघाउने आफन्त र इष्टमित्र । यो शारदीय मौसममा देखिने गाउँको चित्र हो । एक, डेढदशक अघिसम्म 'गाउँमा अभाव छ,अवसरै छैन' बाँकी पृष्ठ २ मा

**Vacancy**

One of the reputed recruitment agency is seeking for following applicants.

**PRO (Public Relation Officer)-2 M/F**
Requirements
- +2 Passed.
- Minimum 2 Years experience in related field.

**Front Desk Officer- 2 Female**
Requirements
- Must be Fluent in English.
- +2 Passed
- Minimum 2 Years Experience in related field.

Must have knowledge of MS.Word, Excel & E-mail.

Destiny Human Resource Nepal Pvt. Ltd.
Tinkune, Kathmandu, Nepal | Tel no: 01-5104632, 5104634
Mob. no: 9851164801 | E-mail: documentationdestiny2017@gmail.com

**ओमानमा रोजगारीको अवसर**

COMPANY: NEW GATEWAY LLC, CITY:RUWI

पूर्व स्वीकृत मितिः २०७७/१२/१२ चलानी नं.: ६०१५६११९ LT. No.: 237804 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/ Waitress | 10 | 12 | सम्बन्धित काममा दक्ष | 140 | ४३,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 10 | 0 | | 100 | ३१,१०५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक ११ गते (28 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
Samakhusi - 26 - Townplanning, Kathmandu - Nepal
Contact No: 01-4360576, 4350719, 981010810, 9851100426
Email: futurestarmp397@gmail.com

यस म्यानपावर लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

1. Office Secretary- 1 Female
2. Documentation - 2 (M/F)
3. PRO - 05 (M/F)
4. Manager -01 (M) & 01 (F)
5. Sharam Representative -01 M
6. Receptionist -02 Female
7. Kitchen Helper - 01 Female

तलब आपसी सहमतिमा

Contact No: 01-4360576, 4350719, 981010810, 9851100426

## बाढी...

आवास गुमाउने पाँच जनासम्मको परिवारलाई तत्काल रु १५ हजार दिइने र सोभन्दा बढी सदस्य भएका परिवारलाई रु २० हजार दिइने र घाइतेको निःशुल्क उपचार गर्ने सरकारले निर्णय गरेको छ।

सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीका अनुसार, बाढी पहिरोका कारण आवास गुमाउने पाँच जनासम्मको परिवारलाई तत्काल १५ हजार दिइनेछ । परिवारमा सोभन्दा बढी सदस्य भएमा रु २० हजार दिइने छ । विभिन्न क्षेत्रमा भएको क्षतिका विवरण संकलन गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ।

विषयगत मन्त्रालयलाई क्षतिको विवरण सङ्कलन गरी तत्काल प्रतिवेदन पेश गर्न बैठकले निर्देशन दिएको छ। संघ, प्रदेश र स्थानीय सरकारका विभिन्न निकायलाई राहत र उद्धारमा जुट्न सरकारले अनुरोध गरेको छ।

बाढी पहिरोबाट पीडित भएकालाई उद्धार एवं राहतका लागि नेपाली सेनाको हेलिकप्टर मात्रले नपुगे निजी क्षेत्रको पनि सेवा दिइने गरी तयारी गरिएको मन्त्री कार्कीले बताए। बाढी, डुबानलगायत समस्याबाट उद्धार गरिएकालाई हाल सरकारी विद्यालयमा राखिएको छ। घर भत्काएकाको त्यही स्थानमा निर्माण गर्न जग्गा नभए रु तीन लाखसम्म उपलब्ध गराउने निर्णय पनि सरकारले गरेको उनले बताए।

## किन...

कात्तिक लाग्दा समेत अविरल वर्षा भइरहेकोमा जलवायूका क्षेत्रमा काम गरिरहेकै कतिपय विज्ञहरूले पनि आश्चर्य जनाइरहेका छन्।

जलवायु विज्ञ मधुकर उपाध्याले अहिलेको वर्षातको बारेमा टिप्पणी गर्दै सामाजिक संजालमा लेखेका छन्-मनसुन पूरै बाहिरियो भन्दाभन्दै फेरि जनधनकै नोक्सान गर्ने गरी भारी वर्षा हुनु अलिक अनौठो लाग्यो।

२४ घण्टाको अवधिमा १५० मिलिमिटर भन्दा धेरै वर्षा भएमा भारी वर्षा अर्थात् अतिवृष्टि मानिन्छ। डडेल्धुराको जोगबुढामा मंगलबार २११ मिलिमिटर वर्षा भएको छ भने अरु कैयौं ठाउँमा २ सय मिलिमिटर भन्दा बढी वर्षा भएको छ। त्यसैले यसपटकको वर्षालाई अतिवृष्टि नै मान्नु पर्ने कतिपय जलवायु विज्ञहरुले बताइरहेका छन्।

कारण के हो ?

न्यून चापीय प्रणाली र पश्चिमी वायुको सक्रियताका कारण पोस्ट-मनसुन अवधिको शुरूमै ठूलो पानी परेको छ । नेपालमा प्रायःजसो सबैभन्दा नजिकको समुद्री सिमाना बंगालको खाडीबाट मनसुन भित्रिने र त्यही गएर टुंगिने गरेको छ।

विज्ञहरुका अनुसार, यसपटक भने मनसुन बंगालको खाडीमा गएर समापन भएको एक साता नबित्तै त्यहाँबाट एक खालको न्यून चापीय अवस्था उत्पन्न भयो । विभागकी वरिष्ठ मौसमविद् डा.प्रतिभा मानन्धर अहिलेको वर्षा मनसुनी वायुका कारण नभएको बताउँछिन्। 'बङ्गालको खाडी र मध्य भारतको न्यून चापीय प्रणाली उत्तरतिर सरेको र पश्चिमी वायु पनि सक्रिय भएकाले पानी परिरहेको हो' डा.मानन्धरको भनाइ छ । मानन्धरका अनुसार पश्चिमी वायुले नेपालमा करिब एक साता अघि सकिएको मनसुनी वायुलाई राम्रोसँग बाहिरिन नदिइ नेपाल र भारतको आकाशमै रोकेर राखेकोले लगातार वर्षा भइरहेको हो। 'बंगालको खाडी र अफगानिस्तानभन्दा पनि पश्चिमबाट शुरु भएको पश्चिमी वायु ठोकिएपछि नेपालमा मात्र नभएर भारतका उत्तराखण्ड, हिमान्चल लगायतका प्रदेशहरुमा पनि अत्यधिक वर्षा भएर बाढी पहिरोले धनमालको नोक्सान गर्‍यो । वरिष्ठ मौसमविद् डा.मानन्धरका अनुसार, बुधबार साँझपछि मात्रै वर्षा गराउने बादल नेपालको आकाशबाट हट्न शुरू भएको छ। बिहीबार आंशिक बदली भए पनि धेरै पानी पर्नेछैन। त्यसपछि पानी पर्ने क्रम क्रमिक रुपमा हट्नेछ।

जलवायु विज्ञ डा. धर्मराज उप्रेती मनसुनपछि हुने वर्षात्ले जहिले पनि धेरै क्षति गर्ने बताउँछन्। उनका अनुसार, मनसुन अवधिभर मानिसहरु वर्षातबाट हुने क्षतिबारे सचेत हुन्छन्। आफू माथि आइपर्ने संभावित खतराबाट बच्न तयारी गर्छन्। अरु बेला भएको भए भौतिक क्षति त हुने नै थियो, सडकमा हुने बाढी र पहिरोको कारण हुने मानवीय क्षति भने अहिले भन्दा कम हुने थियो।

## वैदेशिक...

भन्ने मानसिकता व्यापक थियो । तर, अहिले समय फेरियो। देशमा सङ्घीय व्यवस्था लागू भएपछि दुर्गम गाउँको मुहार पनि उजेलिएको छ।

गाउँ-गाउँ, बस्ती-बस्तीमा सिंहदरबार पुगेको अनुभूति गरिएको छ। गाउँका बस्ती बस्तीमा मोटरबाटो पुगेको छ । बजारको सामान गाडी चढाएर घरको आँगनमै झार्न सकिन्छ । गाउँमा उत्पादन गरिएको वस्तु मान्छेले नबोकिकनै बजारका पसल पसलमा पुर्‍याउन सकिन्छ । अहिले गाउँमा सुन्दर प्रकृति, आवश्यक विकास र थुप्रै अवसर छन्। छैनन् त केवल प्रकृति, विकास र अवसरलाई सदुपयोग गर्ने युवा । 'युवा नहुँदा गाउँ, गाउँघर जस्तो लाग्दैन । गाउँले, गाउँले जस्ता देखिदैनन्', आफ्ना २६ वर्षीय छोरालाई विदेश जानबाट रोकेर गाउँमै कृषिकर्ममा लगाउनुभएका बगरफाँटका दुर्गाबहादुर थापाले भने-मुलुकमा आएको ठूलो परिवर्तनसँगै गाउँलेका रहर र सपनामा पनि परिवर्तन आएको छ। केटाकेटी १० पास गरेपछि सहर पस्छन्। १२ पास गरे परदेशी बन्छन्। विदेश जान गाउँमा होड चल्छ । गाउँमा रहेका अवसरप्रति त कसैको आँखै लाग्दैन। म्याग्दीमा केही समययता विदेशबाट फर्केर गाउँमै उद्यम गर्ने युवाको सङ्ख्या बढ्दै गए पनि विदेश नै नगइ गाउँमा नै अवसरहरुको खोजी गर्ने युवाहरु भने नगण्य मात्रामा रहेका छन् । 'बालबालिकादेखि ४५ वर्षसम्मकालेसमेत विदेशकै चाहना राखेको हुन्छ' बुद्ध एकेडेमीका शिक्षक प्रेम शाहीले भने-कक्षामा बालबालिकालाई भविष्यमा तिमी के बन्ने चाहना राखेका छौ भनेर सोध्ने हो भने धेरैको मुखबाट 'लाहुरे' शब्द फुत्त निस्कन्छ ।

युवा आफ्नो रहरले भन्दा पनि घरका अभिभावकको कहरले गर्दा विदेशिन वाध्य भएका हुन् भन्ने भनाइ छ बेनीका दण्डपाणि शर्माको। उनी भन्छन् 'फलानोको छोरो विदेश गयो, तँ गाउँमै हल्लिएको छस्, खाएको छस्, बुढा बाबु वल्लो घर छोरालाई गाली गर्दै कराएको पल्लो घर सुनिन्छ, वातावरण नै यस्तो भइदिएपछि एक्लै युवाले मात्रै के के पो गरोस् ।' युवामा सकेसम्म युरोप, अमेरिकामा 'सेटल' हुन नसके खाडी मुलुकमै गएर भए पनि केही कमाएर फर्कने भन्ने मानसिकताले गर्दा गाउँमा रहेका रोजगार र आयआर्जनका अवसर र सम्भावना ओझेलमा परेका यहाँका जानकारको भनाइ रहेको छ। रोजगारीका लागि विदेश पसेका युवाबाट म्याग्दीमा वार्षिक तीन अर्बको हाराहारीमा रेमिट्यान्स भित्रिने गरेको गरिमा विकास बैंक बेनीका प्रमुख कमल ढुङ्गाना बताउंछन्। रेमिट्यान्सले पैसा त आयो तर पैसासँगै गाउँमा खुसी भने आउन सकेको छैन। छोराछोरीले विदेशमा कमाएको पैसाबाट किनिएका सहरका घर र घडेरीमा गाउँका वृद्धवृद्धा बसाइँ सर्न मानेका छैनन् । गाउँको चिसो पानी, उर्वर माटो र त्यही माटोमा लडिबुडी खेलेर हुर्केको जवानी त्यति सजिलै विर्सन उनीहरु तयार छैनन्। उनीहरुमा गाउँप्रतिको अगाध प्रेम अझै छ । कोरोना महामारीका कारण नेपालको मात्रै होइन विश्वकै अर्थतन्त्र डामाडोल छ। विदेशमा रोजगार गुमाएका युवा गाउँमा फर्किएका छन् । उनीहरुमा पुनः विदेश फर्केर काम गर्ने रहर छैन । वैदेशिक रोजगारीबाट युवा घर फर्केपछि रेमिट्यान्सका भरमा सहरमा बसेका परिवार गाउँ पसेका छन् । गाउँ विस्तारै रमाइलो बन्दै जान थालेको छ। म्याग्दीमा ग्रामीण र कृषि पर्यटनको सम्भावना पनि उत्तीकै बढेको छ।

विदेशमा काम गरेर फर्केका कामदारमा कुनै न कुनै सीप हुन्छ। सोही सीप प्रयोग गरेर गाउँमै आयआर्जनसँग युवा जोडिन थालेका मालिका गाउँपालिकाका प्रमुख श्रीप्रसाद रोका बताउंछन् । अहिलेको अवस्थालाई अभाव होइन अवसरको रुपमा लिई युवाको सपनालाई साकार पार्न स्थानीय सरकार लागिपरेको अध्यक्ष रोकाले बताए।

## साउदीमा रोजगार

| क्र. | कम्पनी | शहर | पुर्व स्वीकृत मिति | चलानी नं. | L.T. No. | सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ABDULAZIZ RAJAA AL HARBI CAFE TO SERVE DRINKS | RIYADH | २०७८/०७/०२ | ६०१६५६३२ | 248466 | 1. | Coffee and Tea Maker and More | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | BAB AL JAWAD CONTRACTING EST. | AL AHSA | २०७८/०७/०२ | ६०१६५६४१ | 248166 | 1. | GENERAL MASON | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| ३. | ABDULLAH ABDUL AZIZ ALASKAR CONTRACTING EST | RIYADH | २०७८/०७/०२ | ६०१६५५५३ | 247747 | 1. | CAR DRIVER PUBLIC | 2 | 0 | स. काममा दक्ष | 2000 | ६४,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| ४. | ADEL ABDULLAH SAAD AL MOUSA FARM | RIYADH | २०७८/०७/०२ | ६०१६५६३० | 248520 | 1. | AGRICULTURAL WORK | 4 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| ५. | AL SAUDIA NATIONAL SCHOOLS COMPANY | RIYADH | २०७८/०७/०२ | ६०१६५६३४ | 248388 | 1. | General Building Cleaning Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| ६. | DOLO AL BAHAR SEAFOOD RESTAURANT | Al Jouf | २०७८/०७/०२ | ६०१६५६३८ | 248184 | 1. | Fish Cook | 2 | 0 | स. काममा दक्ष | 2000 | ६४,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| ७. | CHERRY CORNER FOODSTUFF GROCERY | RIYADH | २०७८/०७/०२ | ६०१६५६४० | 248167 | 1. | Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| ८. | GRAM COFFEE SHOP TO SERVE DRINKS | Jeddah | २०७८/०७/०२ | ६०१६५६३५ | 248358 | 1. | Coffee Maker, tea etc | 1 | 0 | स. काममा दक्ष | 1200 | ३८,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| ९. | JULHIMIDH SUFIYANJULHIMDH AL DOSSARY FACTORY FOR INDUSTRY | DAMMAM | २०७८/०७/०२ | ६०१६५६२८ | 248688 | 1. | Worker | 45 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| | | | | | | 2. | Worker Loading And Unloading | 2 | 0 | | 1200 | ३८,४७२ | | | | | | | |
| १०. | MASAR LOGISTICS COMPANY LIMITED IS A ONE PERSON COMPANY | Riyadh | २०७८/०७/०२ | ६०१६५६३७ | 248259 | 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 2000 | ६४,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| ११. | BASEM A. AL OTHAIM TRAD.EST. | DAMMAM | २०७८/०७/०२ | ६०१६५६३१ | 248518 | 1. | Light Driver | 2 | 0 | स. काममा दक्ष | 1300 | ४१,६७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| १२. | MUHAMMED HADI QUHAISHI AL DUWAYS TRADING EST. | Najran | २०७८/०७/०२ | ६०१६५६२९ | 248549 | 1. | Labour | 4 | 0 | स. काममा दक्ष | 1100 | ३५,२६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| १३. | MAYS ARAB COMPANY FOR EQUIPMENT RENTAL | AL KHOBAR | २०७८/०७/०२ | ६०१६५६२२ | 248729 | 1. | GENERAL ROAD EQUIPMENT DRIVER | 4 | 0 | स. काममा दक्ष | 2500 | ८०,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| १४. | NAIF KHALIF MAASHI AL RUWAILI FAST FOOD EST | TARIF SULTANA | २०७८/०७/०२ | ६०१६५६२७ | 248691 | 1. | Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| १५. | NAQI WATER COMPANY | RIYADH | २०७८/०७/०२ | ६०१६५६३३ | 248416 | 1. | FACTOR. | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| १६. | NORTHERN BISHOPS FOUNDATION FOR GYPSUM DECORATION | RIYADH | २०७८/०७/०२ | ६०१६५६२६ | 248692 | 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| १७. | RIFI BUFFET TO SERVE MEALS | Dammam | २०७८/०७/०२ | ६०१६५६२५ | 248694 | 1. | Normal Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| १८. | Refal Residences for furnished units (Refal Housing) | Riyadh | २०७८/०७/०२ | ६०१६५६२४ | 248695 | 1. | FACTOR | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| १९. | RINAS NAIF KHALIF AL RUWAILI FAST FOOD RESTAURANTS | RIYADH | २०७८/०७/०२ | ६०१६५६२३ | 248696 | 1. | Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २०. | SIMPLIFIED SOLUTIONS TRADING | RIYADH | २०७८/०७/०२ | ६०१६५६२१ | 248845 | 1. | Plaster | 1 | 0 | स. काममा दक्ष | 1200 | ३८,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २१. | TAJ AL-TAJ LAUNDRY | RIYADH | २०७८/०७/०२ | ६०१६५६३९ | 248168 | 1. | Normal Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २२ | THE MOST DELICIOUS SPECIAL DISHES RESTAURANT TO SERVE MEALS | DAMMAM | २०७८/०७/०२ | ६०१६५६४३ | 248164 | 1. | Restaurant Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २३. | ZAIN EL AMAKEN SPORTS FOUNDATION | Jeddah | २०७८/०७/०२ | ६०१६५६३६ | 248356 | 1. | Massage Technician | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक ११ गते (28 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ४,७,८,९,११, २१,२२,२३ निःशुल्क अन्य रु. १०,०००/- |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Taaz International Pvt. Ltd.**

Gov. Lic. No. 1251/074/075

G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102, 9801147158, 9801147202, 9801147203

Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

## साउदीमा रोजगार

| क्र. | कम्पनी | शहर | पुर्व स्वीकृत मिति | चलानी नं. | LT. No. | | सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | AL ASALA AL JADEED SPARE PARTS EST. | ABHA | २०७८/०७/०२ | ६०१५५५६५ | 248803 | | 1. | General Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | YOUSEF ABDULLAH AL-ABBAD GENERAL CONTRACTING EST | ABHA | २०७८/०७/०२ | ६०१५५५६५ | 248803 | | 1. | Building Carpenter | 1 | 0 | स. काममा दक्ष | 1500 | ४८,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| ३. | AL WATAN GENERAL CONTRACTING EST | SAUDI | २०७७/११/१९ | ६०१५४९०२ | 236554 | पून विज्ञापन | 1. | Factor | 44 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| ४. | NOWADER AL-SAEED CONTRACTING EST. | SAUDI | २०७७/१२/१६ | ६०१५६२८५ | 238091 | पून विज्ञापन | 1. | Worker | 40 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| ५. | HAYIF AMMASH AL HARBI GENERAL CONTRACTING EST | GASHIM | २०७८/०६/०७ | ६०१६३६४४ | 245924 | पून विज्ञापन | 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५६,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| ६. | ROWAD AL JAZEERA HOLDING CO LTD | Saudi | २०७८/०६/०७ | ६०१६३६४५ | 246296 | पून विज्ञापन | 1. | Truck Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ५६,५९२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| | | | | | | | 2. | Worker | 10 | 0 | | 1000 | ३२,०६० | | | | | | | |
| ७. | SAADI SAAD AL-HARBI AND PARTNERS CO. | DAMMAM | २०७८/०६/०७ | ६०१६३६०१ | 243779 | पून विज्ञापन | 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५६,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| ८. | TIME DEMAND COMPANY FOR OPERATION AND MAINTENANCE | RIYADH | २०७८/०६/०७ | ६०१६३६२९ | 245929 | पून विज्ञापन | 1. | Worker | 39 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| ९. | AL ENJAZ TRADING AND CONTRACTING COMPANY | RIYADH | २०७८/०६/०७ | ६०१६३६२८ | 246364 | पून विज्ञापन | 1. | Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| | | | | | | | 2. | Truck Driver | 25 | 0 | | 1800 | ५६,५९२ | | | | | | | |
| १०. | NAL UNITED COMPANY LIMIT | DAMMAM | २०७८/०५/३१ | ६०१६३२३८ | 244427 | पून विज्ञापन | 1. | Truck Driver | 4 | 0 | स. काममा दक्ष | QR 1800 | ५६,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| ११. | AHMALI LOGISTICS SERVICES CO | DAMMAM | २०७८/०५/२९ | ६०१६३०४७ | 245162 | पून विज्ञापन | 1. | Truck Driver | 6 | 0 | स. काममा दक्ष | 1800 | ५६,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| १२. | AFRAH MUBARAK AL-HAMMADI GEN. CONT. EST. | Saudi | २०७८/०५/२७ | ६०१६२८६२ | 237090 | पून विज्ञापन | 1. | Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| १३. | AMARA AL FALAH CONTRACTING CO. | HOFUF | २०७८/५/१५ | ६०१६२२०३ | 244430 | पून विज्ञापन | 1. | Pan road machinery driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७८,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| | | | | | | | 2. | Truck driver | 4 | 0 | | 1800 | ५६,३०४ | | | | | | | |
| | | | | | | | 3. | Concrete Pump Operator | 1 | 0 | | 2500 | ७८,२०० | | | | | | | |
| | | | | | | | 4. | Buldozer driver | 1 | 0 | | 2500 | ७८,२०० | | | | | | | |
| १४. | ITQN FOUNDATION FOR POLISHING | HOFUF | २०७८/५/१५ | ६०१६२२०४ | 244429 | पून विज्ञापन | 1. | Car Polishing Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| १५. | AL ENJAZ TRADING AND CONTRACTING COMPANY | RIYADH | २०७८/०५/०२ | ६०१६१६०३ | 243948 | पून विज्ञापन | 1. | Scraper Driver (Grader) | 3 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७९,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| | | | | | | | 2. | Drenched Driver | 5 | 0 | | 2500 | ७९,१०० | | | | | | | |
| | | | | | | | 3. | Bulldozer Driver | 5 | 0 | | 2500 | ७९,१०० | | | | | | | |
| | | | | | | | 4. | Leveling Mechanism Driver | 2 | 0 | | 2500 | ७९,१०० | | | | | | | |
| | | | | | | | 5. | Truck Driver | 33 | 0 | | 1800 | ५६,९५२ | | | | | | | |
| १६. | AL-SAEED KITCHENS TRADING EST | Al Hasa | २०७८/०४/०८ | ६०१६०५४९ | 243019 | पून विज्ञापन | 1. | Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| | | | | | | | 2. | Aluminum Technician | 6 | 0 | | 2200 | ६९,६५२ | | | | | | | |
| १७. | AL SAFI CONTRACTING EST. | RIYADH | २०७८/०३/२० | ६०१५९७०७ | 241909 | पून विज्ञापन | 1. | Whole Vehicle Driver | 1 | 0 | स. काममा दक्ष | 2500 | ७९,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| १८. | AMANA TECHNOLOGY FACTORY FOR ELECTRICAL INDUSTRIES | RIYADH | २०७८/०३/१६ | ६०१५९४७५ | 241312 | पून विज्ञापन | 1. | Truck Driver | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५६,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| | | | | | | | 2. | Ordinary Worker | 25 | 0 | | 1000 | ३१,६३० | | | | | | | |
| | | | | | | | 3. | Electrician Electricity Distribution Networks | 40 | 0 | | 1600 | ५०,६१० | | | | | | | |
| १९. | SKY LINK TRADING & CONTRACTING COMPANY | Dammam | २०७८/०३/१६ | ६०१५९४८५ | 241680 | पून विज्ञापन | 1. | Metal Scaffolding Worker | 7 | 0 | स. काममा दक्ष | 1200 | ३७,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २०. | TOROQ AL- SHARQ EQUIPMENT RENTAL EST | KSA | २०७८/०३/१६ | ६०१५९४८७ | 241871 | पून विज्ञापन | 1. | Driver of All Road Mechanisms | 3 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७९,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| | | | | | | | 2. | Whole Vehicle Driver | 3 | 0 | | 2500 | ७९,०७५ | | | | | | | |
| | | | | | | | 3. | All Road Drivers | 4 | 0 | | 2500 | ७९,०७५ | | | | | | | |
| २१. | INTERNATIONAL RECRUITMENT COMPANY | RIYADH | २०७८/०२/०५ | ६०१५८८८२ | 240601 | पून: विज्ञापन | 1. | General Labor | 14 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| | | | | | | | 2. | Restaurant Worker | 9 | 0 | | 1200 | ३८,१०० | | | | | | | |
| | | | | | | | 3. | Loading And Unloading Worker | 10 | 0 | | 1000 | ३२,०६० | | | | | | | |
| | | | | | | | 4. | Waiter | 5 | 0 | | 1200 | ३८,१०० | | | | | | | |
| २२. | MOFARREH MARZOUQ AL-HARBI & PARTNERS CO. LTD. | SAUDI | २०७८/०१/१९ | ६०१५८२७४ | 239711 | पून: विज्ञापन | 1. | Worker | 29 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| | | | | | | | 2. | Ordinary Worker | 10 | 0 | | 1000 | ३२,०६० | | | | | | | |
| | | | | | | | 3. | Driver of All Road Mechanisms | 16 | 0 | | 2500 | ७९,३७५ | | | | | | | |
| २३. | HANOUF FAHD BIN SALEM AL QALIS GENERAL CONTRACTING EST | RIYADH | २०७८/०१/१३ | ६०१५८०४७ | 239894 | पून: विज्ञापन | 1. | Normal Factor | 20 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २४. | CAFE STYLE COFFE TO PROVIDE MEALS | RIYADH | २०७८/०१/१२ | ६०१५७९४३ | 239722 | पून: विज्ञापन | 1. | Coffee Provider | 3 | 0 | स. काममा दक्ष | 1500 | ४७,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २५. | SAYER MARZOUQ AL HARBI & PARTNERS CO. FOR TRANSPORT & CONTRACTING | DAMMAM | २०७६/१२/२२ | ६०१५६७११ | 238463 | पून: विज्ञापन | 1. | Driver Of All Road Mechanisms | 2 | 0 | स. काममा दक्ष | 2500 | ७७,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २६. | CENTRAL ASIAN RESTAURANT TO PROVIDE MEALS | RIYADH | २०७७/१२/१६ | ६०१५६३०३ | 238113 | पून: विज्ञापन | 1. | Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २७. | BANDAR H AL SEAMAEIL GENERAL CONTRACTING EST | SAUDI | २०७७/१२/३० | ६०१५७१९० | 239009 | पून विज्ञापन | 1. | Factor | 9 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २८. | AHMALI LOGISTICS SERVICES CO | DAMMAM | २०७८/०६/११ | ६०१६४०५६ | 246700 | पून विज्ञापन | 1. | Truck Driver | 9 | 0 | स. काममा दक्ष | 1800 | ५६,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २९. | IBRAHIM RASHID AL- FAWZAN FOUNDATION FOR TRANSPORT | BURAIDAH | २०७८/०६/०६ | ६०१६३५६५ | 245909 | पून विज्ञापन | 1. | Truck Drivers | 6 | 0 | स. काममा दक्ष | 1800 | ५६,३९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक ११ गते (28 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं.१,२,६,८,९, ११,१२,२८,२९ को रु. १०,०००/- अन्यको निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Work Force Services Pvt. Ltd.**

श्रम ईजाजत पत्र नं. १७२/०५६/५७

Sinamangal-9, Airport, Kathmandu, Nepal

Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915

E-mail : info@workforce.com.np, Website: www.workforce.com.np

# विकराल बन्दै साइबर अपराध

**उपत्यका डायरी**
**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**



नेपालमा पछिल्लो समय साइवर अपराध विकराल बन्दै गइरहेको छ। जति धेरै प्रविधि भित्रिन्छ । त्यति नै जटिलता थपिँदै गएको छ । नयाँ-नयाँ किसिमको अपराधले सुरक्षा निकायको नीति तथा नियमहरु पनि परिवर्तन तथा थप गर्नुपर्ने जस्ता बाध्यता बढिरहेको छ। नेपालको सन्दर्भमा नयाँ र नौलो किसिमका अपराधहरुले अनुसन्धानात्मक प्रहरीहरुको टाउको दुखाइको विषय बनिरहेको छ ।

विज्ञान र प्रविधि सँगैको विकासले अपराधको संसार पनि विकसित र विकराल भएको छ। साइबर अपराध विज्ञान र प्रविधिसँग जोडिएको अपराध हो। यसलाई साइबर क्राइम भन्ने गरिन्छ । यो मोवाइल तथा कम्प्युटर नेटवर्क प्रयोग गरेर इन्टरनेटको माध्याममबाट गरिने जुनसुकै प्रकारका अपराधहरु हुन सक्छन् ।

नेपालमा पछिल्लो समय इन्टरनेटको प्रयोगकर्ता ह्वात्तै बढेको छ । इन्टरनेटले एक हिसावमा टाढिएका मानिसहरुलाई जोडिरहेको छ भने अर्को तर्फ पछिल्लो चरणका घटनाहरु हेर्ने हो भने नेपालको साइबर स्पेस खतरामा परेको देखिन्छ। साइबर अपराध झन्झन् विकराल बन्दै गइरहेको यो अवस्थामा नियन्त्रणको चुनौती त छ नै कतिपय घटनाहरु आफ्ना र आफन्तीले नै गर्ने हुनाले चलाइसकेका घटनाहरु आफन्तकै माफीका कारण ब्यूरोका प्रहरीहरुलाई सास्ती हुने गरेको छ।

## घटना नं. १

ललितपुर भैँसेपाटीका एक प्रतिष्ठित परिवारमा पनि यस्तै साइवर सम्बन्धी घटना घटेको छ । श्रीमानले फेक आइडी बनाएर श्रीमतीलाई शंकाको घेरामा हाली नयाँ फेसवुक एकाउन्ट खोलेर च्याट गर्न शुरु गरेको पाइएको छ। सुरुसुरुमा राम्रै हिसाबले कुराकानी अगाडि बढाएका उनीहरुबीच लामो कुराकानी हुनथाल्यो । जब नजिकपन बढ्दै गयो । विषय यौनमा ठोक्कियो तब ती श्रीमतीलाई थाहा भयो । यहाँ कसैले ब्ल्याकमेलिङ गरिरहेको छ । यसले भोलिको दिनमा समाज र परिवारमा नराम्रो असर पुऱ्याउँछ । त्यसैले उनले श्रीमानलाई थाहा नदिइ केन्द्रीय साइबर व्यूरो भोटाहिटीमा लिखित उजुरी दिइन्। फेसबुक च्याट ट्रेसिङमा राखि अनुसन्धान शुरु भयो। जब ट्र्याकिङ हुँदै गयो । अन्तमा उनैका श्रीमानले त्यो हर्कत गरेको खुल्यो। त्यसपश्चात श्रीमतीले श्रीमान विरुद्ध जाहेरी नै नदिइ दुबैजना सम्पर्क विहिन बने। घटना यतिकै टुङ्गीयो।

साइबर अपराध अन्तर्गत पर्ने धेरै अपराधहरु छन्। जस्तै : चरित्रहत्या, डाटा चोरी, वेवसाइट तथा इमेल ह्याकिङ, इन्टरनेटमार्फत ब्ल्याकमेलिङ, इन्टरनेट बैंकिङ जालसाजी, अर्काको पहिचान अनधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याउने क्षति । यस्तै साइबर अपराधमा इन्टरनेट र एक्स्ट्रानेटसँग सम्बन्धित सबै गतिविधिहरु पर्छन् । यो सबै फेसबुक, इन्स्ट्राग्राम, टिकटक, युटयूव, तथा इन्टर नेटमार्फत गरिने अपराधहरु हुन् ।

विश्वको कुनैपनि कुनामा बसेर हुनसक्ने साइबर अपराध आफैँमा जटिल समस्या त हो नै । तर साइबर समस्याको मूल जड भने अधिकांश इन्टरनेट तथा कम्प्युटर प्रयोगकर्तामा साइबर थ्रेटबारे आधारभूत जानकारी नहुनु हो। जसले साइबर सुरक्षाको चुनौती बढ्दै गएको देखिन्छ । नेपालमा यस्ता घटनाको अनुसन्धान गर्न धेरै कठिन छ, कारण, कानूनको अप्रयाप्तता। दिनहुँ जस्तो नयाँ नयाँ किसिमका अपराधहरु विकसित भइरहेको छ। तर पुरानै कानूनले मात्र पर्याप्त छैन । कानूनको दायरा पनि परिवर्तन हुन जरुरी देखिन्छ।

सामाजिक सञ्जाल तथा इन्टरनेटको माध्यमलाई दुरुपयोग गरी आफ्नो स्वार्थपुर्ती गर्नेहरु बढिरहेका छन्। अझ केही राजनीतिक गर्नेहरुको लागि त सामाजिक सञ्जाल नकारात्मकता फैलाउने महत्वपुर्ण क्षेत्र बनेको छ। अझ भनौं भने राजनीतिक कार्यकर्ताहरुले नै सामाजिक सञ्जाललाई प्रयाप्त दुरुपयोग गरिरहेको देखिन्छ। एक आपसको द्धेष, कलुषित भावना पोख्ने मुख्य साधननै सामाजिक सञ्जाल बनाएका छन् ।

यी र यस्ता कारणहरुले गर्दा आन्तरिक, पारिवारिक, सामाजिक, राजनीतिक जुनकुनै विषयको भावनाहरु सामाजिक सञ्जालमा छरपस्ट देख्छौ । यी र यस्ता कार्यहरुले सामाजिक सञ्जाल फोहर त बनेको छ नै यस्ता कार्यहरुले अरुलाई पनि उक्साईरहेको देखिन्छ।

## घटना नं.२

विवाह भएको एक वर्षपछि पूर्व प्रेमीले प्रेमिकाको यादमा पुरानो सम्बन्धमा रहँदा खिचिएको आपत्तिजनक फोटोहरु विवाहित प्रेमिकालाई मेसेन्जरको माध्यामबाट पठाए। धन्न पूर्व प्रेमिकाको श्रीमान वैदेशिक रोजगारमा रहेकोले ती घटना श्रीमानले थाहा पाएनन् । पूर्व प्रेमीलाई फोन मार्फत ती राखिएका फोटोहरु तुरुन्त मेट्छौं की साइबर अपराधमा थुनिदिउँ भनेपछि उनले माफी माग्दै सदाका लागि मेटाएको जवाफ पाइन। यदि ती फोटाहरु फेसबुक या टिकटकमा हालिएको भए मेरो त जिन्दगीनै बर्वाद हुने थिए । ती पूर्व प्रेमिका अहिले आएर पछुताउँछिन्। उनी भन्छिन्, 'हाम्रो सम्बन्धमा दरार उत्पन्न भइ सम्बन्ध पनि बिच्छेद हुन सक्थ्यो तर अहिले राम्रो छ।'

कमजोर साइबर सेक्युरिटीको संरचनाले अहिलेको जोखिमलाई अझ बढावा दिइरहेको देखिन्छ । यसतर्फ सरोकारवालाको ध्यान अझैं केन्द्रित हुन सकेको छैन । नेपालमा वित्तीय संस्था, गैरसरकारी संस्था, सरकारी क्षेत्र, एयरलाइन्स, र टेलिकममा क्रमिक रुपले साइबर सुरक्षाको जोखिम बढेको देखिन्छ। यति मात्र होइन अहिले सामाजिक संजालको प्रयोग, सामाजिक संजालबाट हुने व्यापार, व्यवसाय, आदीमा पनि साइबर सेक्युरिटी आवश्यक छ। तर फराकिलो जोखिमले नीति तथा नियमहरु थप गरिरहनुपर्ने झन्झट निम्ती रहेको देखिन्छ।

साइबर अपराधका मुख्य प्रवृत्तिहरु

-विभिन्न किसिमका नग्न तस्वीरमा व्यक्तिको मुहार जोडी इन्टरनेटमा राख्ने

-आश्लील फोटो तथा भिडियोहरु सामाजिक संजालमा मा प्रकाशित गर्ने

-सम्पूर्ण सूचना आफ्नो नियन्त्रणमा लिई फिरौंती रकम माग गर्ने

-सामाजिक संजालमा अन्य व्यक्तिको नाम तथा तस्वीर प्रयोग गरेर, प्रोफाइल पेज खोलेर बेइज्जत गर्ने तथा दुःख दिने

-सरकारी तथा अन्य संघ संस्थाहरुको वेवसाईट ह्याकिङ गर्ने

-ह्याकिङको लागि विभिन्न तरिकाले आक्रमण गर्ने

-फाइनान्सियल फेसवुक एकाउन्ट ह्याक गरी आफन्त साथीहरुसँग रकम मागी इ सेवा मार्फत ठगी गर्ने

साईवर अपराध महासाखाका प्रवक्ता नवीन्द्र अर्यालका अनुसार साइबर ब्यूरो भोटाहिटीमा हालको चालु आर्थिक वर्षसम्म १ हजार २ सय ५७ वटा निवेदन दर्ता भएका छन्। साप्ताहिक रुपमा प्राप्त निवेदन ६ देखि ९ वटा सम्म दर्ता हुनेगरेको पाइएको छ । असोज महिना ९२ निवेदन परेकोमा ४ मुद्दा दर्ता भएको छ।

# ठगिदै यात्रु

वाग्मती प्रदेश सरकारले प्रदेश भित्रका सार्वजनिक सवारी साधनको भाडा केहि दिन अगाडिदेखि बढाएको छ। तर सवारीका सहचालकहरुले चानचुन पैसा नभएको बहानाबाजीमा बढी भाडा असुल्न थालेका छन् ।

वाग्मती प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयले तोकेको भाडादर पाँच किलोमिटरसम्म यात्रा गर्दा यात्रीले रु.१८ रुपैयाँ तिर्नुपर्छ। त्यस्तै १० किलोमिटरसम्म २३ रुपैयाँ, १५ किलोमिटरसम्म २७ रुपैयाँ, २० किलोमिटरसम्म ३० रुपैयाँ र २० किलोमिटरमाथि ३५ रुपैयाँ तिर्नुपर्ने हुन्छ। तर सहचालकले २० रुपैयाँ, २५ रुपैयाँ, ३० रुपैयाँ, ३५ रुपैयाँ र ४० रुपैयाँ उठाउने गरेको पाइएको छ। सहचालकले चानचुन पैसा नभएको भन्दै बढी भाडा लिने गरेको यात्रु बिनोद पौडेल बताउँछन्। उनी भक्तपुरको सल्लाघारीबाट लोकन्थली सम्मको यात्रामा २० रुपैयाँ तिरे ।

त्यस्तै अर्का यात्रु पुर्ण प्रसाद श्रेष्ठले ललितपुरको जवलाखेलबाट सिंहदरबारसम्म आउँदा २० रुपैयाँ भाडा तिरे । उनले १७ रुपैयाँ भाडामा २० रुपैयाँ असुल्दा अतिरिक्त लुटको ३ रुपैयाँ कहाँ कहाँ पुग्छ होला ? भनेर सामाजिक सञ्जालमा स्टाटसै राखेको बताए। चानचुन भाडादरले गर्दा यो भन्दा अघि पनि १३ रुपैयाँ लिनुपर्नेमा १५ रुपैयाँ लिइरहेको थियो । यसको तुलनामा १३ रुपैयाँलाई बढेको भाडा ५ रुपैयाँ जोडेर १८ रुपैयाँ भनेपनि २० रुपैयाँ लिने गरेको छ। त्यसरी लिँदा ७ रुपैयाँ बढ्न गएको छ।

उपत्यका ट्राफिक महाशाखाका प्रवक्ता संजिब कुमार दासका अनुसार मंगलबार र बुधबार गरेर १ सय ५६ सवारीसाधनलाई बढी भाडा असुलेकोले कारबाही गरिएको छ। सादा पोसाकमा प्रयाप्त मात्रामा ट्राफिक प्रहरीहरु खाटाइसकेकोले बढि भाडा लिनेलाई नियम अनुसार कारबाही गरिने उनले बताए। मन्त्रालयले तोकेको भाडादरमा वाग्मती प्रदेशका अन्य जिल्लाहरुमा भने २३ प्रतिशतले भाडा वृद्धि भएको छ।

# वर्षाका कारण अन्धकारमा ताप्लेजुङ



**फुङ्लिङ/मस**-वर्षाका कारण तीन दिनदेखि ताप्लेजुङ जिल्ला अन्धकार भएको छ । बिजुली लाइन र सञ्चार सेवा बन्द भएसँगै ताप्लेजुङ जिल्ला अन्धकार भएको हो। गत आइतबारदेखि निरन्तर वर्षा भएसँगै ताप्लेजुङमा राष्ट्रिय प्रसारण लाइन सुनसरी जिल्लाको इनरुवा ट्रन्समिटरमा समस्या आएसँगै ताप्लेजुङमा बिजुली प्रवाहमा समस्या आएको विद्युत् प्राधिकरण ताप्लेजुङले जनाएको छ । बिजुली नभएपछि सोमबारदेखि मोबाइल सेवासमेत अवरुद्ध भएको छ।

ल्याण्डलाइन सेवा, इन्टरनेट सेवा, मोबाइल सेवामा अवरुद्ध भएको छ । साथै बिजुली नहुँदा स्थानीय सञ्चारमाध्यमसमेत प्रसारणमा समस्या आएको छ। इन्टरनेट सेवा बन्द भएसँगै सरकारी कार्यालय तथा सङ्घसंस्थाको कार्यसम्पादनमा समस्या भएको छ । मङ्गलबार र बुधबार इन्टरनेट अवरुद्ध भएपछि वित्तीय कारोबार साथै बैंकिङ कारोबारसमेत समस्या भएको छ।

ताप्लेजुङमा मोबाइल सेवा अवरुद्ध हुँदा प्रसिद्ध धार्मिकस्थल पाथीभरा मन्दिरमा पूजापाठ गर्न आउने तीर्थयात्री र विश्वको तेस्रो कञ्चनजंघा हिमालमा भ्रमण गर्न आउने पर्यटकले समस्या खेप्नुपरेको छ । मोबाइल सेवा अवरुद्ध भएपछि जिल्ला बाहिरबाट आउने तीर्थयात्री तथा पर्यटक ताप्लेजुङको सदरमुकाम फुङ्लिङमा अलपत्र परेका छन्।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७७०६१८ मा दर्ता भएको **प्रा.लि. नं. २४३९६३** को **सलुड क्याफे एण्ड बार प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



## UAE मा रोजगार | कम्पनी: POWER CLEANING SERVICES AND BUILDING MAINTENANCE L.L.C — शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७६/११/०४ चलानी नं.: ६०१५१८१९ L.T. No.: 232596 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 353 | 18 | स. काममा दक्ष | 900 | २९,४६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अङ्ग्रजी राम्रो सँग बोल्न, लेख्न र पढन सक्ने महिलाहरूले मात्र सम्पर्क गर्नुहोला ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता होटल खुकुरी, अमरदह मोरङ्गमा कार्तिक ११ गते (28 Oct. 2021) मा**
**अन्तर्वार्ता होटल पाथिभरा, दमक, झापामा कार्तिक १२ गते (29 Oct. 2021) मा**
**अन्तर्वार्ता होटल सेन्टर प्वाईन्ट, बिर्तामोड, झापामा कार्तिक १२ गते (29 Oct. 2021) मा**
**अन्तर्वार्ता होटल आईसल्याण्ड, भरतपुर, चितवनमा कार्तिक १४ गते (31 Oct. 2021) मा**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक १५ गते (01 November 2021) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ७७१/०७५/०७६
